# सोनमा गाँउपालिका

# स्थानीय राजपत्र

| खण्डः-क | संख्याः-१ | मितिः-२०८३/०१/०३ गते |
|---|---|---|

## भाग-२
## सोनमा गाँउपालिका

स्थानीय सरकार सञ्चान ऐन,२०७४ को परिच्छेद (७) अनतर्गत दफा ४५ मा सडकको अधिकार क्षेत्र तोक्न सक्ने व्यवस्था छ। सोही दफाको उपदफा (१) मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्र स्थानीय सडकको दाँया वाँयाको अधिकार क्षेत्र (राईट अफ वे) को सीमा तेक्ने प्रावधान छ। सोही व्यवस्था अनुसार सोनमा गाँउकार्यपालिकाको मिति २०८२/१२/१९ गतेको निर्णायानुसार तपसिलका स्थानीय सडकहरुको अधिकार क्षेत्र तोकेको र यो राजपत्र प्रकाशन भएको मितिले १५ दिन भित्र अधिकार क्षेत्र भित्र पर्ने संरचना खाली गर्न सवै सरोकारवालाहरुको जानकारीको लागि अनुरोध छ।

<u>तपसिलः-</u>

१. सोनमा पर्सा मोडदेखी सोनमा वजार हुदै मरहा पुलसम्मको सडकको **चौडाई ११ मिटर**

३. सोनमा गाँउपालिका वडा न. १ हरिसरको औषधी पसल देखी कमल साहको घर हुदै गुलरिया जाने सडकको **चौडाई ९.२५ मिटर**

४. कमल साहको घरदेखि सलहेश मन्दिर हुदै सोनमा ३ गोवरहिया सम्मको सडकको **चौडाई ९.२५ मिटर**

५. सोनमा गाँउपालिका वडा न. १ राम पुकार रायको घरदेखी कचहरी चौक सम्मको सडक **चौडाई ९.२५ मिटर**

६. सोनमा गाँउपालिका वडा न. १ कचहरी चौकको विल्टु साहको पसलदेखी उत्तर सोनमा १ को चाँदनी **चौकसम्म ८ मिटर**

७. सोनमा गाँउपालिका वडा न. १ को अन्य शाखा सडकहरु साविक वमोजिम नै कायम गर्ने र नयाँ संरचना बनाउदा सडकको दाँया वाँया **कम्तिमा ३ फिट सम्म** खाली राखी मात्र निर्माण गर्ने

८. सोनमा गाँउपालिका वडा न. १ को पुरानो वजार (साविक सोनमा वडा न. ४ र ५) **मा अतिक्रमित जग्गा र अव्यवस्थित घर टहरा हटाई खालि गराउने**

९. सोनमा गाँउपालिका वडा न. १ मरहा नदीको पुलदेखि पुर्व नवलको खेतहुदै दक्षिण सौतानिया पोखरी सम्म **कृषि सडक निर्माण गर्ने**

१०. सोनमा गाँउपालिका १ श्यामसुन्दर यादव र राजेन्द्र राय यादवको आली (आरी ), भरत यादवको खेत हुदै मनोज र मेथुन यादवको खेत सम्म **नयाँ प्रादेशिक सडकमा जोडने सडक चौडाई ६ मिटर निर्माण गर्ने**

**आज्ञाले,**
**श्रीदेव यादव**
**प्रमुख प्रशासकीय अधिकृत**